प्रदेश सरकार
प्रदेश नं.२
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय सप्तरी

राजविराज
(कर्मचारी प्रशासन शाखा)

☎ ०३१-५२१६०६
०३१-५२१९३५
Fax :०३१-५२१६०६
इ-मेल:dpho.saptari@yahoo.com

पत्र संख्या :२०७८/०७९
चालानि नं. :- ९०७

मिति: २०७८/०९/२५

**विषय :- कोभिड १९ विरुद्धको पहिलो र दोश्रो मात्राको खोप अभियान संचालन सम्वन्धमा ।**

श्री राजविराज, हनुमाननगर कं, कन्चनरुप, सप्तकोशी, विष्णुपुर, छिन्नमस्ता, राजगढ, तिलाठी को., महादेवा, तिरहुत, बलान विहुल पालिकाहरु, सप्तरी ।

उपरोक्त सम्वन्धमा स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा टेकु काठमाण्डौंको च.न.४७९ मिति २०७८/०७/३० गतेको प्राप्त पत्रानुसार र कोभिड १९ विरुद्धका जिल्ला खोप समन्वय समितिको मिति २०७८/०९/२५ गतेको निर्णयानुसार १८ वर्ष भन्दा माथिको कुनै पनि खोप नलगाएको व्यक्तिहरुलाई तपसिल बमोजिमको खोपको पहिलो मात्रा र यस भन्दा अगाडी पहिलो मात्रा लिएको व्यक्तिहरुलाई दोश्रो मात्रा खोप अभियान संचालन एवम व्यवस्थापन गर्न गराउनु हुन अनुरोध छ ।

दुनिया लाल यादव
नि.कार्यालय प्रमुख.

तपसिल :-

| सि.न. | पालिकाको नाम | संचालन हुने मिति | खोप केन्द्र | समय |
|---|---|---|---|---|
| १ | राजविराज, हनुमाननगर कं, कन्चनरुप, सप्तकोशी, विष्णुपुर, छिन्नमस्ता, राजगढ, तिलाठी को., महादेवा, तिरहुत, बलान विहुल | २०७८/०९/२७ गते देखि २९ गते सम्म | सम्वन्धित न.पा. गा.पा.का सबै वडाको स्वास्थ्य संस्थाहरुमा | १०:०० वजे देखि ३:३० वजे सम्म |

लक्षित समूह एवम खोप लिने दिने अधार :-

> १८ वर्ष भन्दा माथि उमेर पुगेका र कोभिड १९ विरुद्धका कुनै पनि खोप नलिएका व्यक्तिहरु :-उमेर खुल्ने नागरिकता प्रमाण पत्र , सवारी चालक अनुमति पत्र परिचय पत्र वा अन्य कागजात अनिवार्य लिई आउनु होला ।
> दोश्रो मात्रा खोप लिनेको हकमा पहिलो मात्रा लिएको खोपकार्ड अनिवार्य लिई आउनु होला ।

नोट :-

- जोनसन खोप :-१८ वर्ष उमेर पुराभई कुनै पनि कोभिड १९ विरुद्धको खोपको कुनै मात्रा डोज नलगाएका व्यक्तिहरु खास गरी १८ वर्ष देखि ४५ वर्ष सम्मका विदेश जाने सम्भावित व्यक्तिहरुलाई प्रथमिकतामा राखि खोप लगाउनु हुन ।
- कोभिशिल्ड खोप :- १८ वर्ष उमेर पुरा भई कुनै पनि खोप नलगाएका लाई पहिलो मात्रा र कोभिशिल्ड वा एस्ट्राजेनिका पहिलो मात्रा लगाएको ८ हप्ता पुगेकोलाई दोश्रो मात्रा लगाउन हुन ।
- सुत्केरी महिला र Second Triminister देखिको गर्भवति महिला लाई पनि खोप लगाउन हुन ।
- खोप अभियानको प्रगति प्रतिवेदन सबै पालिकाहरुले दैनिक रुपमा DHIS2 मा entry गर्न गराउनु हुनको साथै, उपलव्ध गराइएको फारममा प्रतिवेदन समायोजन गरी पालिका वाइज प्रथम र दोश्रो मात्राको छुटा छुटै फारम भरी अभियान सकेको ३ दिन भित्र अनिवार्य स्वास्थ्य कार्यालयमा पठाउन हुन अनुरोध छ ।
- महिनाको अन्त्यमा प्रत्येक वडाको कोभिड १९ विरुद्ध खोपको प्रगति प्रतिवेदन एक मुस्ट समायोजन गरी पालिका वाइज DHIS 2 मा अनिवार्य entry गर्नु हुनको साथै स्वास्थ्य कार्यालयमा अनिवार्य पठाउनु हुन अनुरोध छ ।

बोधार्थ
श्री परिवार कल्याण माहाशाखा टेकु, काठमाण्डौं ।
श्री प्रदेश स्वास्थ्य निर्देशनालय सपही,धनुषा ।
श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र प्रदेश नं.२ धनुषा ।
श्री जिल्ला प्रशासन कार्यालय,सप्तरी ।
श्री जिल्ला प्रहरी कार्यालय,सप्तरी :-आवश्यक सुरक्षा व्यवस्थापन गरि दिनु हुन ।